# आ.व.२०८२/८३ का लागि ईन्द्रावती गाउँपालिकाका

## वजेट वक्तव्य

ईन्द्रावती गाउँपालिकाको गाउँसभाको आठौं अधिवेशनका सभाध्यक्षज्यू, सभामा उपस्थित वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, सभाका सदस्यहरु, सभाका सचिव प्रमुख प्रशासकीय अधिकृतज्यू, कर्मचारी लगायत उपस्थित सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

ईन्द्रावती गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित गाउँसभाको गरिमामय बैठक समक्ष आ.व.२०८२/८३ को आय व्ययको संशोधित अनुमानित विवरण प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

संघिय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नागरिक अधिकार प्राप्तीमा अगुवाई गर्ने अग्रजहरु तथा ईन्द्रावती गाउँपालिकाको सम्मृद्धिमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

प्रस्तुत वजेटबाट ईन्द्रावती गाउँपालिकाको दिगो पूवार्धार विकास, आर्थिक सामाजिक विकास सम्वृद्धि, रोजगार सृजना हुने हुदाँ ईन्द्रावती गाउँपालिका बासीमा नयाँ जोस जाँगर र उत्साहमा वृद्धि हुन गई ईन्द्रावती गाउँपालिकाको समग्र विकासमा टेवा पुग्ने विश्वास लिएको छु ।

**प्रस्तुत वजेटका उद्धेश्यहरु**

१. अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने ।

२. गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने ।

३. लगानी मैत्री वातावरण निर्माण गरी निजि क्षेत्रको मनोवल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिवी न्यूनीकरण गर्ने ।

४. समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

५ वजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने ।

**वजेटका प्रथामिकताहरु**

१. पूर्वाधार विकास

२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, लैससास )

३. आर्थिक विकास (कृषि तथा पशुपालनको आधुनिकीकरण तथा ब्यावशायीकरण, पर्यटन विकास, उद्योग, उत्पादन उत्पादकत्व, आयआर्जन तथा रोजगारी श्रृजना)

४. शुसासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय तथा सामाजिक सुरक्षा र सूचना प्रबिधि

५ वन वातावरण तथा  बिपद् ब्यवस्थापन

६. दीगो विकास लक्ष्य

**सभाका सभाध्यक्ष एवं सभा सदस्य ज्यूहरु,**

उपरोक्त अनुसारको उद्धेश्य तथा प्राथमिकताहरु प्राप्तीको लागि अव म गत आ.व. २०८०।८१ को यथार्थ विवरण, चालु आ.व. २०८१।८२ को संशोधित तथा आ.व.२०८२।८३ को संशोधित अनुमानित आय व्ययको विवरण सम्मानित सभा समक्ष पेश गर्दछु ।

आ.व. २०८०।८१ मा चालु खर्च ४२ करोड १४ लाख ९० हजार, पूजिगत खर्च रु. २७ करोड ८९ लाख ४ हजार सहित कुल रु. ७० करोड ३ लाख ९४ हजार रुपैंयाँ यर्थाथ खर्च भई ८२.२९ प्रतिशत प्रगति हासिल भएको छ । त्यस्तै गरी चालु आ.व.का लागि चालु खर्च रु. ५२ करोड ५१ लाख १७ हजार तथा पूजिगत खर्च रु ३२ करोड १३ लाख ८३ हजार समेत गरि ८४ करोड ६५ लाखको आयव्यय विवरण पेश गरिएकोमा संघ, प्रदेश तथा लगायत निकायहरुबाट प्राप्त हुने स्रोत समेतमा हेरफेर भएका कारणबाट ७० करोड २५ लाख ९५ हजार रुपैंया खर्च भई ८३ प्रतिशत प्रगति हुने संशोधित अनुमान गरेको छु ।

त्यस्तै आ.व. २०८२।८३ मा आय तर्फ, आन्तरिक आय दहत्र बहत्तर समेत रु. १३ करोड रुपैंया, अन्य आय ११ करोड ४० लाख ३४ हजार, संघीय बित्तिय समानिकरण तर्फ १३ करोड ७२ लाख, संघीय राजश्व बाँडफाँड तर्फ ८ करोड ८७ लाख ६७ हजार, संघीय समपुरक अनुदान तर्फ १ करोड २९ लाख, बिशेष अनुदान तर्फ ६९ लाख, संघीय सशर्त अनुदान तर्फ २८ करोड ३७ लाख, बागमती प्रदेश तर्फ बित्तिय समानिकरण तर्फ १ करोड ४६ लाख ९ हजार, सवारी कर बाँडफाँड तर्फ ३ करोड १६ लाख ९० हजार, सशर्त अनुदान तर्फ ३ करोड ५ लाख ३० हजार, समपुरक अनुदान तर्फ ९५ लाख र बिषेश अनुदान तर्फ ६५ लाख गरी बागमती प्रदेशबाट जम्मा ९ करोड २८ लाख २९  र भारतीय राजदुतावासबाट २ वटा स्वास्थ्य चौकी निर्माणका लागि रु ४ करोड हजार रुपैंया गरि जम्मा रु९० करोड ६३ लाख ३० हजार आम्दानी हुने संशोधित अनुमान गरेको छु ।

त्यस्तै गरि व्यय तर्फ चालु खर्च तर्फ रु ११ करोड ८५ लाख रुपायाँ, वडा कार्यालयहरुको तर्फबाट पेश गर्ने योजनाहरुका लागि रु. ७ करोड ४० लाख, विपद् व्यवस्थापन कोष १ करोड, सडक, खानेपानी सिंचाइ मर्मत संभारका लागि १ करोड, सरकारी तथा गैरसरकारी संस्था साझेदारीका २ करोड, झो.पु. लगायतका अन्य साझेदारीको लागि रु. ५० लाख, न्यायिक समिति बिबिध कार्यक्रम ३० लाख, उपाध्यक्षसँग सम्वृद्धि कार्यक्रमका लागि ४० लाख,  नवलपुर तथा बोडगाउँ २ वटा अस्पताल सञ्चालन व्यवस्थापन अनुदानको लागि रु. ७० लाख, विषयगत शाखा बिभिन्न कार्यक्रमका लागि ११ करोड ६७ लाख, पालिका समपुरक योजनाहरुका लागि १ करोड २० लाख, संघीय समपुरक योजनाहरुका लागि २ करोड ५८ लाख, संघीय ससर्त योजनाहरुका लागि २८ करोड ३७ लाख, संघीय बिशेष अनुदानको कार्यक्रमका लागि ६९ लाख बिनियोजन गरेकी छु । त्यस्तै बागमती प्रदेश समपुरक योजनाहरुका लागि १ करोड ९० लाख, प्रदेश बिशेष योजनाका लागि ६५ लाख र प्रदेश ससर्त योजनाका लागि ३ करोड ५ लाख ३० हजार र सीत भण्डार साझेदारी कार्यक्रमका लागि ७० लाख रुपयाँ र भारतीय दुतावासबाट प्राप्त हुने २ वटा स्वास्थ्यचौकीका लागि रु ४ करोड गरि  जम्मा रु ९० करोड ६३ लाख ३० हजार रुपैंया कुल खर्च हुने संशोधित अनुमान पेस गरेको छु । वार्षिक आम्दानी तथा खर्च योजनाको बिस्तृत बिबरण अनुसूचीहरुमा संलग्न गरेको छु ।

अन्त्यमा, ईन्द्रावती गाउँपालिकाको वार्षिक विकास कार्यक्रम तथा वजेट निर्माणमा सहयोग पुऱ्याउनु हुने विषयगत समितिहरु, कार्यापालिका सदस्य समेत सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारी, राजनितिक दल, नागरिक समाज लगायत सम्वद्ध सबै पक्षहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै प्रस्तुत वजेटको सफल कार्यान्वयनका लागि सम्वद्ध पक्षहरुबाट सदा झै सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । धन्यवाद

शोभना तामाङ<br>
उपाध्यक्ष<br>
ईन्द्रावती गाउँपालिका

# अनुसूची –१
## ईन्द्रावती गाउँपालिकाको
## आ.ब. २०८२/८३ को आयको अनुमान

| **क्र.स.** | **विवरण** | **रकम रु ( हजारमा)** |
|---|---|---|
| १ | आन्तरिक आय (दहत्तर बहत्तर समेत) | १३0000000 |
| २ | अन्य आय | ११४0३४000 |
| ३ | नेपाल सरकारबाट प्राप्त बित्तिय  समानिकरण अनुदान (सँघीय) | १३७२00000 |
| ४ | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड प्राप्त रकम (सँघीय) | ८८७६७000 |
| ५ | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान (सँघीय) | १२९00000 |
| ६ | नेपाल सरकारबाट प्राप्त बिषेश अनुदान(सँघीय) | ६९00000 |
| ७ | नेपाल सरकारबाट प्राप्त सशर्त (संघीय) | २८३७00000 |
| ८ | बागमती प्रदेश सरकारबाट प्राप्त बित्तीय समानिकरण अनुदान | १४६0९000 |
| ९ | बागमती प्रदेश सरकारबाट प्राप्त सवारी कर बाँडफाँड | ३१६९0000 |
| १0 | बागमती प्रदेश सशर्त अनुदान | ३0५३0000 |
| ११ | बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ९५00000 |
| १२ | बागमती प्रदेश सरकारबाट प्राप्त बिषेश अनुदान | ६५00000 |
|  | भारतीय दुतावास (स्वासथ्यचौकी निर्माण) | ४0000000 |
|  | **जम्मा** | **९0६३३0000** |

# अनुसूची -२

## ईन्द्रावती गाउँपालिकाको

## आ.ब. २०८१/८२ को कूल ब्ययको अनुमान

| सि नँ | शिर्षक | श्रोत | | जम्मा ब्यय अनुमान |
|---|---|---|---|---|
| | | गाउँपालिका | संघ/प्रदेश | |
| १ | संघीय ससमपुरक योजना | १२९००००० | १२९००००० | २५८००००० |
| २ | संघीय बिषेश अनुदानबाट सञ्चालन हुने योजना/कार्यक्रम | ० | ६९००००० | ६९००००० |
| ३ | संघीय सशर्त योजना/कार्यक्रम | ० | २८३७००००० | २८३७००००० |
| ४ | प्रदेश सशर्त योजना/कार्यक्रम | ० | ३०५३०००० | ३०५३०००० |
| ५ | बागमति प्रदेश समपुरक योजना | ९५००००० | ९५००००० | १९०००००० |
| ६ | बागमती प्रदेश बिषेश अनुदान | ० | ६५००००० | ६५००००० |
| ७ | चालु खर्च | ११८५००००० | ० | ११८५००००० |
| ८ | वडा स्तरिय योजना तथा योजना/कार्यक्रम | ७४०००००० | ० | ७४०००००० |
| ९ | बिपद् ब्यवस्थापन कोष | १००००००० | ० | १०००००००० |
| १० | सडक खानेपानी सिंचाइ मर्मत तथा अत्यावश्यक पूर्वाधार सँम्भार | १०००००००० | ० | १०००००००० |
| १२ | सरकारी तथा गैर सरकारी संस्था साझेदारी कार्यक्रम | २०००००००० | ० | २०००००००० |
| १३ | बिषयगत शाखाका योजना /कार्यक्रम | ११६७००००० | ० | ११६७००००० |
| १४ | पालिका स्तरीय पूर्वाधार समपुरक योजना | १२०००००० | ० | १२०००००० |
| १७ | झो.पु /सडक बोर्ड लगाएत अन्य साझेदारी | ५०००००० | ० | ५०००००० |
| १८ | पालिका स्तरीय पुर्वाधारका योजनाहरु | १०६७००००० | ० | १०६७००००० |
| १९ | न्यायिक समिति | ३०००००० | ० | ३०००००० |
| २० | सित भण्डार साझेदारी कार्यक्रम | ७०००००० | ० | ७०००००० |
| २१ | उपाध्यक्षसंग समृद्धि कार्यक्रम | ४०००००० | ० | ४०००००० |
| २२ | नवलपुर, बोडगाउँ अस्पताल सञ्चालन ब्यवस्थापन तथा तलब भत्ता | ७०००००० | ० | ७०००००० |
| २३ | भारतीय दुतावासबाट (स्वास्थ्य चौकी निर्माण) | ४०००००००० | ० | ४०००००००० |
| | **जम्मा** | **५५६३०००००** | ३५००३०००० | ९०६३३०००० |

नोट : गाउँपालिका श्रोत अन्तर्गत गाउँपालिकाको आन्तरिक आम्दानी, राजश्व बाँडफाँडबाट प्राप्त रकम र बित्तिय समानिकरणबाट प्राप्त आम्दानी समेत समाबेश गरिएको छ ।

**शोभना तामाङ**
**उपाध्यक्ष**
**ईन्द्रावती गाउँपालिका**